जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ४ ✻ अंक : ४७ ✻ २०८३ साल जेष्ठ १९ गते, मंगलबार ✻ Tuesday, June.– 02 2026 ✻ मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## वीरगञ्जबाट मटिअर्वा पुऱ्याइयो चिनियाँ फर्सीको बीउ, सीमावर्ती कबाड गोदाममा राजस्व छलीको आशंका

***संवाहक सम्वादाता*-१८ बैशाख, कलैया**

नेपालको प्रचलित कानुन (मूल्य अभिवृद्धि कर ऐन, २०५२ र राजस्व चुहावट नियन्त्रण ऐन) अनुसार व्यवसायिक मालसामान एक गोदामबाट अर्को गोदाममा सार्दा अनिवार्य रूपमा आन्तरिक हस्तान्तरण चलान र भेहिकल एण्ड कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम ( VCTS) मा प्रविष्टि हुनुपर्ने कानुनी व्यवस्थालाई धज्जी उडाउँदै पर्साको वीरगञ्जबाट बाराको सीमावर्ती क्षेत्र मटिअर्वामा ठूलो परिमाणमा बीउ भण्डारण गरिएको पाइएको छ।



चीनबाट आयात गरी वीरगञ्जमा गोदाम राखिएको भनिएको ११२ बोरा फर्सीको बीउ कानुनी प्रक्रिया र आवश्यक ढुवानी कागजात बिना नै भारतसँग जोडिएको बाराको कलैया उप-नगरपालिकास्थित मटिअर्वाको एक कबाड गोदाममा सारिएको स्थानीयले दाबी गरेका छन्।

दशगजा क्षेत्रमै रहेको उक्त गोदाम र बीउ भारतीय सहर आदापुरका कुख्यात तस्कर मोजामिलको रहेको र उनले केही महिनादेखि यस क्षेत्रमा बीउकै अवैध कारोबार गरिरहेको बुझिएको छ। सुरक्षा निकायसँग कुरा (आर्थिक लेनदेन) नमिल्दा हाल मटिअर्वामै थन्किएको उक्त शङ्कास्पद बीउका बारेमा स्थानीयबासीले मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब

बाँकी तेस्रो पृष्ठमा

## सरकारले अर्थतन्त्र सुधार केन्द्रित बजेट ल्याएको अर्थमन्त्री वाग्लेको दाबी

***काठमाडौं, जेठ १८ –***

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले मुलुकको अर्थतन्त्र सुधार गर्ने उद्देश्यसहित पारदर्शी बजेट ल्याएको बताएका छन्।

नेपाल आर्थिक पत्रकार संघले सोमबार काठमाडौंमा आयोजना गरेको बजेटसम्बन्धी छलफल कार्यक्रममा बोल्दै उनले भूकम्प, कोरोना महामारी तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण प्रभावित अर्थतन्त्रलाई पुनः सुधार गर्ने लक्ष्यका साथ बजेट तयार गरिएको बताए।

उनका अनुसार सरकारले ऋणमा निर्भरता घटाउँदै आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखेको छ। यस वर्ष करिब १५ सय ८० अर्ब रुपैयाँ राजस्व



संकलन गर्ने लक्ष्य राखिएको पनि उनले जानकारी दिए।

अर्थमन्त्री वाग्लेले ५ प्रतिशतको कर नीतिले उपभोक्तामा ठूलो असर नपर्ने दाबी गरे। उनले विद्युत महसुलमा लगाइएको करका कारण उपभोक्तालाई भार नपर्ने गरी विकल्प खोजिने बताए।

त्यस्तै, विद्युतीय सवारी साधनमा पनि कम क्षमताका सवारीलाई करका कारण असर नपर्ने व्यवस्था गरिएको उनको भनाइ छ। मन्त्री वाग्लेले यस पटकको बजेट सुधारमुखी रहेको भन्दै भ्रम फैलाउने कार्य नगर्न आग्रह पनि गरे।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सरकारको नयाँ प्रतिबद्धता, छ महिनाभित्र मोडालिटी तय गरिने

***संवाहक सम्वादाता*-१८ बैशाख, कलैया**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत बहुप्रतीक्षित Nijgadh International Airport निर्माण प्रक्रिया अघि बढाउने संकेत दिएको छ। अर्थमन्त्री Swarnim Wagle ले संसद्मा बजेट प्रस्तुत गर्दै विमानस्थल निर्माणको मोडालिटी आगामी छ महिनाभित्र टुंग्याइने बताएका हुन्।

लामो समयदेखि चर्चामा रहे पनि विभिन्न कारणले रोकिँदै आएको यो परियोजना पुनः सरकारी प्राथमिकतामा परेको देखिएको छ। यसअघि पनि विभिन्न सरकारले निर्माणको प्रतिबद्धता जनाए पनि स्पष्ट कार्ययोजना अभावमा परियोजना अगाडि बढ्न सकेको थिएन।



Tribhuvan International Airport को बढ्दो चाप, सीमित क्षमता र दीर्घकालीन हवाई पूर्वाधारको आवश्यकतालाई मध्यनजर गर्दै निजगढलाई वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा हेरिएको छ। विज्ञहरूले यसको निर्माणले नेपालको हवाई सेवा विस्तार, पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधिमा ठूलो टेवा पुग्ने बताएका छन्।

यद्यपि परियोजनाले वातावरणीय चुनौती पनि सामना गरिरहेको छ। ठूलो परिमाणमा वन क्षेत्र प्रभावित हुने विषयमा Supreme Court of Nepal ले थप अध्ययन गर्न निर्देशन दिएको थियो। त्यसपछि

बाँकी तेस्रो पृष्ठमा

## बारा कलैयामा ट्रक र टिप्पर ठोक्किँदा तीन जना घाइते

***संवाहक सम्वादाता*-१८ बैशाख, कलैया**

कलैया उपमहानगरपालिका-९ रामपुरस्थित सडकमा ट्रक र टिप्पर एकआपसमा ठोक्किँदा तीन जना घाइते भएका छन्।

प्रहरीका अनुसार सोमबार साँझ करिब ८ बजे बरियारपुरबाट कलैयातर्फ आउँदै गरेको ना ४ ख ७८८२ नम्बरको ट्रकलाई सोही दिशाबाट पछाडि आएको रा १ ख १५३६ नम्बरको टिप्परले ओभरटेक गर्ने क्रममा दुर्घटना भएको हो। ओभरटेक गर्दा टिप्पर अनियन्त्रित भई सडक छेउमा रहेका घर अगाडि आँगनमा बसेका व्यक्तिहरूलाई ठक्कर दिएको बताइएको छ। दुर्घटनापछि इलाका प्रहरी पोष्ट बसपार्क र जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले दुवै सवारी साधनका चालकलाई




नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएका मध्ये टिप्पर चालक कलैया-११ का २५ वर्षीय रवि राम र ट्रक चालक जितपुरसिमरा-११ का करिब ५० वर्षीय लक्ष्मीनारायण सहनी रहेका छन्। दुर्घटनामा घाइते हुनेहरूमा कलैया-९ रामपुरका करिब ३५ वर्षीय सैमुदिन अंसारी रहेका छन्, जसको खुट्टा र कुर्कुच्चामा चोट लागेको छ। प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि वीरगञ्जस्थित सर्वोत्तम अस्पताल पठाइएको छ। त्यसैगरी १७ वर्षीय तबरेज आलामको हातमा चोट लागेको छ र उनको उपचार प्रादेशिक अस्पताल कलैयामा भइरहेको छ। साथै २ वर्षीय बालक समर अलीको बायाँ खुट्टामा चोट लागेको र उनको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## वीरगञ्जका मेयर सिंहका स्वकीय सचिव पक्राउ

***वीरगञ्ज, जेठ १८ –***

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहका स्वकीय सचिव सत्यराज घिमिरेलाई प्रहरीले सोमबार पर्सा जिल्ला अदालत परिसरबाट पक्राउ गरेको छ।

सादा पोसाकमा खटिएको प्रहरी टोलीले घिमिरेलाई अदालत परिसरबाटै नियन्त्रणमा लिएर पर्सा प्रहरी कार्यालयमा बुझाएको हो।

प्रहरीका अनुसार फरार रहेका मेयर राजेशमान सिंहको अवस्थाबारे जानकारी लिन र आवश्यक सोधपुछ गर्नका लागि घिमिरेलाई नियन्त्रणमा लिइएको हो। उनी मेयर सिंहलाई अदालतमा उपस्थित गराउने प्रयोजनका लागि सोमबार बिहान अदालत पुगेका



थिए।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार घिमिरेसँग केही विषयमा सोधपुछ भइरहेको छ। उनलाई हाल प्रहरी कार्यालयमा राखेर अनुसन्धान जारी छ।

पर्सा जिल्ला अदालतले मेयर राजेशमान सिंहविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। उनी हाल फरार रहेको प्रहरीले जनाएको छ।

## विद्युतीय सवारीको बिरगञ्ज भंसारबाट आयात तीव्र रूपमा बढ्यो

***संवाहक सम्वादाता*-१८ बैशाख, कलैया**

चालु आर्थिक वर्षको पहिलो १० महिनामा वीरगञ्ज नाका हुँदै विद्युतीय सवारीसाधन (ईभी) आयातमा उल्लेखनीय वृद्धि भएको छ। यस अवधिमा ४ अर्ब २ करोड रुपैयाँभन्दा बढी मूल्यका १५ हजार २७१ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन्।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ईभी आयात १४३.६० प्रतिशतले बढेको हो। गत वर्ष यस अवधिमा १ अर्ब ६५ करोड रुपैयाँ मूल्यका ९ हजार ४२ वटा विद्युतीय सवारीसाधन आयात भएका थिए।

ईभी आयात बढेसँगै भन्सार राजस्वमा पनि वृद्धि भएको छ। आयातको परिमाण बढ्दा राज्यको



आम्दानीमा समेत सकारात्मक प्रभाव परेको भन्सार कार्यालयले जनाएको छ।

विशेषगरी ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका विद्युतीय कार, जीप तथा भ्यानको आयात धेरै बढेको देखिएको छ। यस श्रेणीका ६५७ वटा सवारीसाधन भित्रिँदा १ अर्ब ८७ करोड रुपैयाँ बराबरको कारोबार भएको छ।

त्यसैगरी विद्युतीय दुईपाङ्ग्रे सवारीसाधनको माग पनि उच्च देखिएको छ। यस अवधिमा ८ हजार ८६७ वटा इलेक्ट्रिक मोटरसाइकल तथा स्कुटर आयात भएका छन्।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

### कूटनीतिक पहललाई परिणाममुखी बनाऔं

नेपाल-भारतबीचको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रसँग सम्बन्धित सीमा विवाद नेपालको राष्ट्रिय स्वाभिमान, सार्वभौमिकता र ऐतिहासिक अधिकारसँग गाँसिएको संवेदनशील विषय हो। प्रधानमन्त्री ब्वबभिल क्जबज ले यो विवाद समाधानका लागि कूटनीतिक संवाद र टेबुल टकमार्फत पहल जारी रहेको बताउनु सकारात्मक संकेत हो। सरकारले भारतलाई औपचारिक कूटनीतिक नोट पठाएर जवाफ प्राप्त गरिसकेको जानकारीले संवादको औपचारिक आधार तयार भएको देखाउँछ।

सीमा समस्या भावनात्मक नाराबाजीभन्दा पनि ऐतिहासिक प्रमाण, नक्सा, सन्धि र प्राविधिक तथ्यका आधारमा समाधान गर्नुपर्ने विषय हो। इतिहासविद्, सर्वेक्षक र भूमिविज्ञहरूको सहभागितामा औपचारिक संवाद प्रक्रिया अघि बढाउने सरकारको योजना व्यावहारिक देखिन्छ। यसले तथ्यमा आधारित समाधान खोज्न सहयोग पुऱ्याउन सक्छ।

तर यस्ता विषयमा केवल वक्तव्य र आश्वासन पर्याप्त हुँदैनन्। नेपालले आफ्नो स्पष्ट राष्ट्रिय अडान, प्रमाण र कूटनीतिक परिपक्वताका साथ वार्तालाई परिणाममुखी बनाउनुपर्छ। विगतमा पनि सीमा विवाद समाधानका लागि पटक-पटक पहल भए तापनि ठोस उपलब्धि हुन सकेको छैन। त्यसैले यसपटकको पहललाई निष्कर्षमा पुऱ्याउन राजनीतिक इच्छाशक्ति, निरन्तर संवाद र राष्ट्रिय एकता अपरिहार्य छ।

प्रधानमन्त्रीले आर्थिक सुदृढीकरण, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा सुकुमबासी व्यवस्थापनमा सरकार केन्द्रित रहेको बताएका छन्। यी प्रतिबद्धता स्वागतयोग्य भए पनि कार्यान्वयन नै सरकारको वास्तविक परीक्षा हुनेछ। जनताले अब भाषणभन्दा परिणाम खोजिरहेका छन्। सीमा विवाद समाधान र आर्थिक समृद्धि दुवै राष्ट्रिय प्राथमिकताका विषय हुन्। सरकारका प्रतिबद्धता व्यवहारमा रूपान्तरण भए मात्र नागरिकको विश्वास मजबुत हुनेछ। अब आवश्यकता आश्वासनभन्दा बढी प्रभावकारी कार्यसम्पादनको हो।

# लोकतन्त्रमा सदाचार संस्कृति

आजको युवापुस्ताले राजनीतिक नाराभन्दा व्यवहारमा नैतिक चरित्र खोजिरहेको छ। जनताले पारदर्शी नेतृत्व, परिणाममुखी शासन, इमानदार प्रशासन र भ्रष्टाचारमुक्त राज्यव्यवस्था चाहेका छन्। लोकतन्त्रप्रतिको बढ्दो निराशा हटाउन राजनीतिक दलहरूले नैतिक विश्वसनीयता कायम गर्नै पर्छ।



डा. त्रिलोचन पौडेल




विश्वभर स्वीकार गरिएको र जनमुखी व्यवस्था लोकतान्त्रिक शासनप्रणाली हो। लोकतन्त्रको मूल भावना जनतामा निहित सार्वभौमसत्ता, समानता, स्वतन्त्रता र जनकल्याणमा आधारित शासनव्यवस्था हो। लोकतन्त्रको दीर्घकालीन सफलता नागरिक, नेतृत्व र राज्यसंस्थाको नैतिक चरित्रमा निर्भर हुन्छ। स्वीकार्य संविधान, आवधिक निर्वाचन र सरकार निर्माण लोकतन्त्रका प्रमुख अवयव हुन्। वैदिक शासनप्रणालीले कुनै पनि लोकतान्त्रिक शासनव्यवस्थाका लागि आर्थिक सदाचार अनिवार्य र पूर्वसर्त मानेको छ। सार्वजनिक स्रोतको न्यायपूर्ण उपयोग, पारदर्शी निर्णय प्रक्रिया, करदाताप्रतिको उत्तरदायित्व, नैतिक नेतृत्व, जनहित संरक्षण, इमानदार प्रशासन र विधिसम्मत आर्थिक आचरणको समष्टिगत अभ्यास वास्तविक लोकतन्त्र हो। लोकतन्त्रलाई प्रभावकारी र जनमुखी बनाउन आर्थिक सदाचार अपरिहार्य हुन्छ।

वेद, उपनिषद्, रामायण, महाभारत, मनुस्मृति, वैदिक साहित्य तथा नीतिशास्त्रहरूले समाज र राज्यव्यवस्था सञ्चालनका लागि नैतिक, न्यायिक, जनकल्याण तथा वित्तीय अनुशासन महत्वपूर्ण कडीका रूपमा स्वीकार गरेको छ। आधुनिक लोकतन्त्रले मौलिक हक, मानव अधिकार, स्वतन्त्रता र जनसहभागितालाई संस्थागत आकार प्रदान गरेको छ। आर्थिक सदाचार अभावमा लोकतान्त्रिक शासनव्यवस्थामा समेत भ्रष्टाचार मौलाउँछ। आज विश्व भ्रष्टाचार, आर्थिक असमानता, राजनीतिक स्वार्थ, नैतिक सङ्कटलगायत विविध चुनौतीबाट गुज्रिरहेको छ। वैदिक सनातनी नैतिकता, आधुनिक लोकतान्त्रिक मूल्यमान्यता, असल सिद्धान्त र अभ्यासको समन्वयमार्फत न्यायपूर्ण, पारदर्शी, उत्तरदायी तथा समृद्ध समाज निर्माण आजको आवश्यकता हो।

***वैदिक लोकतान्त्रिक शासन***

वैदिक युगलाई राजतन्त्रात्मक युगका रूपमा बुझ्ने प्रवृत्ति भए पनि वैदिक ग्रन्थहरूले सुशासनमा सामूहिक निर्णय, समन्वय, सहकार्य, राय, परामर्श र जनसहभागिताको स्पष्ट सङ्केत गर्छ। आदर्श रामराज्यको चर्चा आजपर्यन्त सुशासनको मार्गचित्र बनेको छ। राम न्याय, सत्यनिष्ठा, सदाचारी र कर्तव्यपरायणको प्रतिमूर्ति हुन्। रामराज्यमा आमनागरिक सुखी थिए, समाज समृद्ध थियो, न्यायपूर्ण सद्व्यवहार थियो, प्रगतिशील करप्रणाली थियो, आमनागरिक खुसी तथा सम्पन्न थिए र नागरिकमुखी सार्वजनिक प्रशासन थियो। रामराज्यले शासन शक्तिमा भन्दा नैतिक चरित्रभित्र निर्भर हुने आदर्श पाठ सिकाउँछ। भनिन्छ, रामराज्यमा बाख्रा र बाघ एउटै नदीको पानी सँगै खान्थे। नीतिशास्त्र पढेको पछिल्लो समाजले त्यस्तै राज्यको अपेक्षा गरेको हो। एकापसमा रिस, राग र द्वेष हटाउने हो भने अहिले पनि त्यस्तो समाज निर्माण गर्न सकिन्छ। रामराज्यमा चारै वर्णका मानिस लोभरहित भएर आआफ्ना वर्णानुसार कर्म गर्थे, त्यही कर्ममा सन्तुष्ट हुन्थे। जनता सत्य, शौच, दया र दानका आधारमा जीवनयापन गर्थे। नारीको सम्मान हुन्थ्यो, गुणी व्यक्तिको आदर गरिन्थ्यो, मान्छेहरू परोपकारमा लाग्थे र सबै कृतज्ञ थिए। रामराज्यमा कुनै पनि बालबालिकाको अकाल मृत्यु हुँदैनथ्यो। वृद्धवृद्धा (बुवाआमा) ले आफ्ना मृत सन्तानको अन्त्येष्टि वा काजकिरिया (प्रेतकार्य) गर्नु पर्दैनथ्यो। रामराज्यमा वृक्ष फलफूलले लटरम्म ढाकिएका हुन्थे, वृक्षका जरा बलिया हुन्थे। मृदुपवनको मधुर स्पर्शले जन जनमा सुख दिन्थ्यो भनेर अध्यात्म रामायणमा भनिएको छ।

सूचना प्रविधिको आजको युगमा रामलाई केवल देवत्वकरण र पूजा गरेर होइन उनका आदर्श अनुसरण गर्न सके उनीप्रति न्याय मात्रै हुने छैन, आदर्श समाज निर्माणमा योगदान पुग्ने छ। उनको आदर्श जीवनबाट शिक्षा ग्रहण गरेर राज्य र सार्वजनिक प्रशासन सञ्चालन गर्नु आजको आवश्यकता हो। रामका आदर्श पछ्याउनु भनेको पुरानो कुरामा अड्किनु होइन।

***सार्वजनिक प्रशासन***

विशेषतः शान्तिपर्वमा राज्य, धर्म र शासनबारे चर्चा गरिएको छ। 'धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।' जुन व्यक्तिबाट धर्मको रक्षा हुन्छ, धर्मले पनि त्यही व्यक्तिको रक्षा गर्छ। धर्म नष्ट गर्ने स्वयं नष्ट हुन्छ। अधर्म, लोभ र अन्यायले राज्य पतनतर्फ उन्मुख हुने तथ्य महाभारतले स्पष्ट व्याख्या गरेको छ। नैतिक शासन, अनुशासन र कर्तव्यपरायण नै पौरस्त्य राजनीतिक चिन्तनको परम तत्व हो। श्रेष्ठ पुरुषले जेजस्तो आचरण गर्छन्, आममानिसले सोही आचरण अनुसरण गर्न थाल्छन्। श्रेष्ठ व्यक्तिको आचरण समाजले अनुसरण गर्छ। सरकारको शासन सञ्चालन गतिको मूल्याङ्कन गरेर आमनागरिकले मात्र होइन, सार्वजनिक प्रशासन सञ्चालन गर्ने राष्ट्रसेवकबाट पनि सोही कार्यका आधारमा कार्यसम्पादन हुने जनगुनासो समय समयमा आउने गरेको छ। लोकतन्त्र मजबुत बनाउने कोसेढुङ्गा भनेको नेतृत्वकर्ता वा अगुवा नै हुन् भन्ने तथ्य यसबाट पुष्टि हुन्छ।

***लोकतान्त्रिक आधार***

नेपालको संविधानले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा स्थापित गरेको छ। नागरिक अधिकार, समानता, स्वतन्त्रता र न्याय मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। राज्यशक्तिको स्रोत नेपाली नागरिक र सार्वभौम अधिकार, मौलिक हकको संरक्षण, शक्तिको विभाजन (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका), सङ्घीय संरचना र विकेन्द्रीकरण, समावेशी प्रतिनिधित्व र विधिको शासन संविधानका प्रमुख लोकतान्त्रिक आधार हुन्। संविधानले भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शिताको परिकल्पना गरेको भए पनि यसको प्रभावकारी कार्यान्वयन नै मुख्य चुनौती बनेको छ। आशा गरौँ, राष्ट्रिय स्वतन्त्र पार्टीको बलियो एकल सरकारले त्यो चुनौतीको डटेर सामना गर्ने छ।

***सुशासन मार्गचित्र***

सरकारले सार्वजनिक प्रशासन सुधार, सेवा प्रवाहमा प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणका लागि सुशासन मार्गचित्र, २०८२ अघि सारेको छ। यसले डिजिटल सुशासन, प्रशासनिक सरलीकरण, पारदर्शी सेवा प्रवाह, आर्थिक अनुशासन र उत्तरदायी शासनलाई प्राथमिकता दिएको छ। सरकारी सेवाप्रणालीलाई प्रविधिमैत्री बनाउने, सार्वजनिक खरिदप्रणाली सुधार गर्ने, राजस्व प्रशासन पारदर्शी बनाउने, नागरिक गुनासो व्यवस्थापन प्रभावकारी बनाउने तथा निर्णय प्रक्रियालाई छिटो र परिणाममुखी बनाउने प्रयास सकारात्मक कदम हुन्।

लोकतन्त्रको प्रभावकारिता नागरिकले अनुभव गर्ने सेवा, न्याय र अवसरसँग सम्बन्धित हुन्छ। नागरिकले राज्यबाट सहज सेवा, न्यायपूर्ण व्यवहार र पारदर्शी शासन अनुभव गर्न सकेनन् भने लोकतन्त्रप्रतिको विश्वास कमजोर हुन्छ। सुशासन मार्गचित्रको सफल कार्यान्वयन आर्थिक सदाचारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। रास्वपाको वाचापत्रमा पनि सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, कार्यसम्पादनमा उत्तरदायित्व, राज्यसंयन्त्रको सरलीकरण र राजनीतिक शुद्धीकरणतर्फ जोड दिइएको छ।

***आर्थिक सदाचार***

आर्थिक सदाचार लोकतन्त्रको आत्मा हो। संविधान, निर्वाचन र संस्थागत संरचना मात्र भएर लोकतन्त्र बलियो हुँदैन। शासनप्रणाली नैतिकता, पारदर्शिता, उत्तरदायित्व र जनहितमा आधारित नभएसम्म लोकतन्त्रको वास्तविक उद्देश्य पूरा हुँदैन। पौरस्त्य दर्शनले धर्म, सत्य, संयम, न्याय र जनकल्याणलाई शासनको आधार मानेको थियो। आधुनिक लोकतन्त्रले नागरिक अधिकार, सहभागिता र संस्थागत संरचनालाई प्राथमिकता दिएको छ। पौरस्त्य चिन्तन र आधुनिक लोकतान्त्रिक धाराको समन्वयबाट मात्र उत्तरदायी, पारदर्शी र जनविश्वासयुक्त लोकतन्त्र निर्माण सम्भव छ। नेपाल अब केवल राजनीतिक परिवर्तन होइन, सुशासनको लक्ष्यसहित नैतिक रूपान्तरणको यात्रामा अघि बढ्नु पर्छ। सार्वजनिक जीवनमा इमानदारी, आर्थिक अनुशासन, नैतिक नेतृत्व र जनउत्तरदायी शासन स्थापित गर्न सके मात्र लोकतन्त्र मतबुत हुने छ। लोकतन्त्रको वास्तविक सफलता चुनाव जित्नुमा नभई जनविश्वास आर्जन गर्नुमा हुने छ। आर्थिक सदाचारसहितको लोकतन्त्रले मात्र समृद्धि, सामाजिक न्याय, सुशासन र दिगो विकास सुनिश्चित गर्न सक्छ।

युवापुस्ताले राजनीतिक नाराभन्दा व्यवहारमा नैतिक चरित्र खोजिरहेको छ। जनताले पारदर्शी नेतृत्व, परिणाममुखी शासन, इमानदार प्रशासन र भ्रष्टाचारमुक्त राज्यव्यवस्था चाहेका छन्। लोकतन्त्रप्रतिको बढ्दो निराशा हटाउन राजनीतिक दलहरूले नैतिक विश्वसनीयता कायम गर्नै पर्छ। राजनीतिक प्रतिस्पर्धा केवल सत्ता प्राप्तिको माध्यम होइन, सुशासन र जनसेवामा उत्कृष्टता प्रस्तुत गर्ने माध्यम बन्नु पर्छ। लोकतन्त्रमा जनताको विश्वास नै सबैभन्दा ठुलो पुँजी हो। निर्वाचनमा हार र जित प्राविधिक विषय हो। राजनीतिक दलले लोकतान्त्रिक व्यवस्था स्थापित गर्न गरेको सङ्घर्षको इतिहास निर्वाचनमा पराजित हुँदैमा सकिने होइन। मुख्य विषय नागरिकसँगको निरन्तर सम्बन्ध र लोकतन्त्रका मूल्यमान्यताको रक्षा गर्नु हो। फेरि एक पटक सबै पक्ष एकजुट भई देश निर्माणको महायज्ञमा होमिन सक्यौँ भने त्यो रामराज्य फेरि स्थापित गर्न सकिने छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## मलेसियामा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध




***क्वालालम्पुर –*** मलेसियाले १६ वर्षभन्दा कम उमेरका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्दै नयाँ कानुनी व्यवस्था लागू गरेको छ। सोमबारदेखि कार्यान्वयनमा आएको उक्त नियमअनुसार १६ वर्षमुनिका बालबालिकाले सामाजिक सञ्जालमा व्यक्तिगत खाता खोल्न वा सञ्चालन गर्न पाउने छैनन्।

नयाँ व्यवस्थाअनुसार सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूले प्रयोगकर्ताको उमेर अनिवार्य रूपमा प्रमाणीकरण गर्नुपर्नेछ। साथै, १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई खाता दर्ता गर्न नदिने तथा त्यस्ता खाताहरू पहिचान गरी रोकथाम गर्ने जिम्मेवारी पनि सम्बन्धित कम्पनीहरूकै हुनेछ।

यो नियम फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युबलगायत लाखौं प्रयोगकर्ता भएका प्रमुख सामाजिक सञ्जालहरूमा लागू हुनेछ। नियमको पालना नगर्ने कम्पनीहरूलाई १ करोड मलेसियन रिंगिटसम्म जरिवाना गर्न सकिने व्यवस्था गरिएको छ।

मलेसिया सरकारले बालबालिकालाई अनलाइन माध्यमबाट फैलिने हानिकारक सामग्री, साइबर दुर्व्यवहार, मानसिक दबाब तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोगबाट जोगाउने उद्देश्यले यस्तो कदम चालेको जनाएको छ। सरकारका अनुसार पछिल्ला वर्षहरूमा बालबालिकामाथि डिजिटल माध्यमबाट हुने विभिन्न जोखिम बढ्दै गएकाले कडा नियमन आवश्यक भएको हो। यद्यपि, बालबालिकाले विभिन्न उपाय अपनाएर नियम छल्दै खाता खोलेको अवस्थामा अभिभावकलाई कुनै कानुनी कारबाही गरिने छैन। सरकारको ध्यान मुख्य रूपमा सामाजिक सञ्जाल कम्पनीहरूलाई उत्तरदायी बनाउनेतर्फ केन्द्रित रहेको बताइएको छ।

## युद्ध सुरु भएयता कम्तीमा २० वटा अमेरिकी सैन्य पूर्वाधार इरानको आक्रमणले क्षतिग्रस्त



काठमाडौँ – इरानले युद्ध सुरु भएयता कम्तीमा २० वटा अमेरिकी सैन्य अखडाहरूमा क्षति पुऱ्याएको बीबीसीले जनाएको छ। बीबीसीले स्याटेलाइट तस्बिर र भिडियोहरु विश्लेषण गरेर यस्तो निष्कर्ष निकालेको हो। क्षतिग्रस्त पूर्वाधारको संख्या २८ वटासम्म हुनसक्ने विज्ञहरुले जनाएका छन्। फेब्रुअरीको अन्त्यदेखि इरानले पश्चिम एसियाका आठ देशहरूमा रहेका अमेरिकी पूर्वाधारहरुमा आक्रमण गरिरहेको छ। अत्याधुनिक हवाई प्रतिरक्षा प्रणाली, इन्धन भर्ने विमान र राडारहरूमा इरानको आक्रमणले करोडौंको क्षति पुर्याउएको बीबीसीले जनाएको छ। यस्तो क्षतिलाई परिपूर्ति कठिन हुने बेलायतको आइरिस डिफेन्स फोर्सेसका पूर्व प्रमुख भाइस-एडमिरल मार्क मेलेटले बताए। अमेरिकाले भने यस अवधिमा १३ हजारभन्दा धेरैपटक इरानमा हवाई आक्रमण गरेको छ। इरानका सर्वोच्च नेता मोज्ताबा खोमेनेइले इरानको आक्रमण सफल भएको बताएका छन्। उनले अब पश्चिम एशिया क्षेत्र अमेरिकी आधारहरूका लागि 'सुरक्षित स्थान' नरहेको दाबी गरेका छन्। अमेरिकी सरकारले इरानको सैन्य क्षमता लगभग समाप्त भएको दाबी गरिरहेको भएपनि विश्लेषकहरू त्यसलाई मान्न तयार छैनन्। उनीहरुले इरानको प्रत्याक्रमण निकै सटिक र व्यापक देखिएको बताए। अमेरिकाले इरान र पश्चिम एसिया र इरानका नयाँ तस्बिरहरूमा 'अनिश्चितकालीन' प्रतिबन्ध लगाउन स्याटेलाइट प्रदायक प्लानेट' लाई अनुरोध गरेर द्वन्द्वको स्याटेलाइट विश्लेषणलाई सीमित गर्ने प्रयास गरेको पनि बीबीसीले जनाएको छ। बीबीसीसँग प्लानेट कम्पनीले यो कदमको बचाउ गर्दै भनेको छ,'तस्बिरहरू सहयोगी वा नेटो साझेदारहरूलाई लक्षित गर्नका लागि प्रयोग नहोस् भनेर हामीले यस्तो गरेका हौं।'

## वीरगञ्ज...

महानिरीक्षक (डीआईजी) गोबिन्द थपलियालाई समेत जानकारी गराइसकेका छन्।

यद्यपि, डीआईजी थपलियाले यो विषय विशुद्ध 'राजस्वको म्याटर' भएको भन्दै कार्यक्षेत्र बाहिरको बहानामा पन्छिन खोजेपछि उक्त अवैध मालसामान अहिले पनि दशगजाकै गोदाममा सुरक्षित रहेको र यसले सीमा क्षेत्रमा हुने राजस्व चुहावट एवं सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ।

## निजगढ...

गठित विज्ञ समितिले वातावरणीय क्षति न्यून गर्दै निर्माण सम्भव रहेको सुझाव दिएको छ।

स्थानीय पुनर्वास, लगानीको स्रोत, निर्माण साझेदारी मोडेल र कार्यान्वयन तालिका अझै स्पष्ट हुन बाँकी छ। यसैले बजेटमा गरिएको घोषणा व्यवहारमा कति छिटो रूपान्तरण हुन्छ भन्नेमा सबैको चासो केन्द्रित छ।

वर्षौंदेखि घोषणामै सीमित रहेको निजगढ विमानस्थल अब ठोस कार्यान्वयनमा जान सके यसले नेपालको पूर्वाधार विकासमा नयाँ अध्याय सुरु गर्ने अपेक्षा गरिएको छ।

## पूर्वसभामुख...

अदालतको आदेशसँगै उनले तोकिएको धरौटी रकम बुझाएपछि रिहा हुनेछन्।

यो प्रकरण सार्वजनिक भएपछि राजनीतिक वृत्तमा व्यापक चर्चा भएको थियो। पूर्वसभामुखजस्तो उच्च राजनीतिक हैसियतका व्यक्तिमाथि लागेको आरोपले यस घटनालाई थप संवेदनशील बनाएको छ।

अब यस मुद्दाको थप सुनुवाइ, प्रमाण परीक्षण र बहसपछि अदालतले अन्तिम फैसला गर्नेछ। उक्त फैसला आएपछि मात्रै महरामाथिको आरोप पुष्टि हुने वा नहुने टुंगो लाग्नेछ।

## विद्युतीय ...

भन्सार तथ्यांक अनुसार इन्धन तथा विद्युतीय दुवै प्रकारका सवारीसाधन र पार्टपुर्जाको आयात पनि उल्लेख्य रूपमा बढेको छ। यस अवधिमा ३१ अर्ब ३१ करोड रुपैयाँ बराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएको छ।सरकारी नीतिमा विद्युतीय सवारीलाई प्राथमिकता, इन्धन खर्चमा बचत तथा वातावरणीय सचेतना बढ्दै जाँदा नेपालमा ईभी बजार विस्तार हुँदै गएको सरोकारवालाहरूको भनाइ छ।

## सुस्तामा...

क्षेत्रमा तटबन्ध निर्माण नगरे हालको १ किलोमिटर संरचना समेत जोखिममा पर्ने बताएका छन्।

वडा अध्यक्ष आदम हुसेनले तटबन्ध निर्माण सुस्ता जोगाउन अनिवार्य रहेको भन्दै कुनै पनि हालतमा काम अघि बढाइने बताएका छन्।

सुस्ता गाउँपालिकाका उपाध्यक्ष गीता चौधरीले पनि तीन महिनादेखि जारी निर्माण कार्यमा अचानक अवरोध आउनु दुःखद भएको बताइन्।

यता प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले भने नयाँ १३२ मिटर क्षेत्रमा काम अघि नबढाउन भारतीय पक्षले आग्रह गरेको र यस विषयमा गृह मन्त्रालय तथा सम्बन्धित निकायलाई जानकारी गराइसकिएको बताएका छन्।

सुस्ता क्षेत्रमा नेपाल-भारत सीमा विवाद लामो समयदेखि कायम छ। नारायणी नदीले धार परिवर्तन गर्दा नेपाली भूमि भारतीय पक्षको नियन्त्रणमा गएको दाबी स्थानीयहरूले गर्दै आएका छन्। स्थानीयका अनुसार हाल हजारौँ हेक्टर जमिन विवादित अवस्थामा रहेको छ। यो घटनापछि सुस्ता क्षेत्रमा तटबन्ध निर्माण र सीमा व्यवस्थापनको विषय फेरि चर्चामा आएको छ।

## विश्वकपमा साना राष्ट्रको ऐतिहासिक प्रवेश, फुटबल विकासमा नयाँ सम्भावना




***१८ जेठ, काठमाडौं।*** विश्वकप फुटबलमा केही साना राष्ट्रहरूको ऐतिहासिक प्रवेशले विश्व फुटबलमा नयाँ उत्साह थपिएको छ।

कुराकाओ र केप भर्डेले पहिलोपटक विश्वकपमा स्थान सुरक्षित गर्दै इतिहास रचेका छन्। करिब ४४४ वर्ग किलोमिटर क्षेत्रफल भएको केप भर्डेले सन् २००२ देखि विश्वकप छनोटमा सहभागी हुँदै आएकोमा २४ वर्षपछि अन्ततः विश्वकप खेल्ने सपना पूरा गरेको हो।

यसअघि विश्वकपमा स्थान बनाउन नसकेका यी देशहरूले अब विश्वका ठूला र स्थापित टोलीसँग प्रतिस्पर्धा गर्ने अवसर पाएका छन्। यसले उनीहरूका खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता देखाउने मात्र होइन, शीर्ष लिगहरूमा खेल्ने अवसरसमेत प्रदान गर्न सक्ने अपेक्षा गरिएको छ।

विश्लेषकहरूका अनुसार विश्वकपमा यस्ता नयाँ टोलीको सहभागिताले प्रतियोगिताप्रति दर्शक र समर्थकको आकर्षण बढाउनेछ। यसबाट पर्यटन, टिकट बिक्री, प्रसारण अधिकार र प्रायोजनमार्फत हुने आम्दानी पनि उल्लेखनीय रूपमा वृद्धि हुने अनुमान छ।

त्यस्तै, विश्वकपमा सहभागिताले सम्बन्धित देशहरूमा फुटबलप्रतिको आकर्षण बढाउनुका साथै खेल पूर्वाधार विकासमा पनि सकारात्मक प्रभाव पार्नेछ।

फिफाले विश्वकपमा सहभागी टोलीलाई आर्थिक सहयोग उपलब्ध गराउने गर्छ, जसले ती देशको फुटबल विकासमा थप टेवा पुग्नेछ। विश्वकपमा सहभागी र असहभागी टोलीबीच फिफाबाट प्राप्त हुने सहयोगमा पनि भिन्नता रहने व्यवस्था छ।

## प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध एमालेको माइतीघरमा प्रदर्शन




***काठमाडौं, जेठ १८ –*** प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभामा दिएको अभिव्यक्तिको विरोधमा नेकपा (एमाले) ले सोमबार काठमाडौँको माइतीघरमा प्रदर्शन गरेको छ।

प्रदर्शनमा सहभागी एमाले कार्यकर्ताले राष्ट्रियता सम्बन्धी नारा लगाउँदै प्रधानमन्त्रीको भनाइप्रति आपत्ति जनाएका थिए। उनीहरूले "राष्ट्रियता हराएको प्रधानमन्त्री मुर्दावाद", "कालापानी र लिपुलेक हाम्रै हो", "राष्ट्रघाती अभिव्यक्ति फिर्ता गर" जस्ता नारा लगाएका थिए। आइतबारको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री शाहले "नेपालले पनि भारतको जग्गा मिचेको छ" भन्ने अभिव्यक्ति दिएका थिए। उक्त भनाइ सार्वजनिक भएपछि राजनीतिक वृत्त र सामाजिक सञ्जालमा व्यापक प्रतिक्रिया र आलोचना भइरहेको छ। एमालेले प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रिय हित र नेपालको आधिकारिक धारणा विपरीत सन्देश दिएको आरोप लगाउँदै तत्काल फिर्ता लिन माग गरेको छ। प्रदर्शनकारीहरूले नेपालका सीमा, भूमि र राष्ट्रिय स्वाभिमानका विषयमा सरकार स्पष्ट हुनुपर्ने बताएका छन्।

प्रधानमन्त्रीको उक्त अभिव्यक्तिबारे विभिन्न राजनीतिक दल, नागरिक समाज तथा सर्वसाधारणबाट मिश्रित प्रतिक्रिया आइरहेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

# प्रतिनिधिसभा बैठकको घटनाबारे छानबिन समिति गठन



*काठमाडौं, जेठ १८ –*
प्रतिनिधिसभाको आइतबारको बैठकमा भएको घटनाको छानबिन गर्न समिति गठन गरिएको छ। सभामुख डोलप्रसाद अर्यालले बैठकमा केही सांसदहरूले अमर्यादित र आपत्तिजनक व्यवहार देखाउनुका साथै भौतिक क्षति पुऱ्याएको भन्दै त्यसको जाँचबुझ गर्न समिति गठन गरिएको जानकारी दिएका छन्।

प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा गठन गरिएको समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ। समितिमा संघीय संसद् सचिवालयका आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा प्रमुख र प्रविधि व्यवस्थापन महाशाखा प्रमुख सदस्य रहेका छन्।

सभामुखका अनुसार संसद् भवनमा भएको क्षतिको मुचुल्का तयार भइसकेको छ। समितिको प्रतिवेदन आएपछि प्रतिनिधिसभा नियमावली २०८३ अनुसार दोषीमाथि आवश्यक कारबाही अघि बढाइनेछ।

आइतबारको बैठकमा नियमावली पारित गर्ने प्रक्रियाप्रति असहमति जनाउँदै विपक्षी दलका सांसदहरूले विरोध गरेका थिए। विरोधका क्रममा उनीहरूले बैठक अवरुद्ध गर्नुका साथै वेल घेरेर नाराबाजी गरेका थिए। सो क्रममा केही कुर्सी र माइकमा क्षति पुगेको बताइएको छ।

# रास्वपा सभापति लामिछाने पाँच दिने भ्रमणका लागि भारत प्रस्थान



*काठमाडौं , जेठ १८ –*
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पाँच दिने औपचारिक भ्रमणका लागि भारत प्रस्थान गरेका छन्।

उनी भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनको निमन्त्रणामा भारत गएका हुन्। भ्रमणका क्रममा उनले नयाँ दिल्लीमा उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक भेटघाट गर्ने कार्यक्रम रहेको छ। लामिछानेको यो भ्रमणलाई राजनीतिक तथा कूटनीतिक दृष्टिले महत्वपूर्ण रूपमा हेरिएको छ। भेटघाटका क्रममा दुई देशबीचको आपसी सम्बन्ध, सहयोग तथा समसामयिक राजनीतिक विषयमा छलफल हुने अपेक्षा गरिएको छ। सभापति लामिछाने जेठ २२ गते स्वदेश फर्किने कार्यक्रम रहेको छ। उक्त भ्रमणपछि पार्टीको आगामी रणनीति तथा अन्तर्राष्ट्रिय सम्पर्क विस्तारमा केही प्रभाव पर्ने विश्लेषण पनि गरिएको छ।

# पूर्वसभामुख कृष्णबहादुर महरालाई एक लाख रुपैयाँ धरौटीमा छाड्न आदेश



*काठमाडौं, जेठ १८ –*
सुन तस्करी प्रकरणमा मुद्दा खेपिरहेका पूर्वसभामुख कृष्णबहादुर महरालाई विशेष अदालतले एक लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्य विदुर कोइरालाको इजलासले सोमबार उक्त आदेश दिएको हो। महरामाथि विद्युतीय चुरोटभित्र सुन लुकाएर अवैध रूपमा ओसारपसार गर्न सहयोग गरेको आरोप लागेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट भएको सुन तस्करी प्रकरणमा उनको संलग्नता रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत चैत २ गते भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको थियो।

अख्तियारका अनुसार उक्त प्रकरणमा विमानस्थल भन्सार कार्यालयका केही कर्मचारीसमेत संलग्न रहेको आशंकामा अनुसन्धान अघि बढाइएको थियो। सुन तस्करीका लागि विद्युतीय चुरोटको प्रयोग गरिएको दाबी गर्दै अनुसन्धान निकायले यसलाई योजनाबद्ध अवैध गतिविधि भएको जनाएको छ।

अदालतले प्रारम्भिक सुनुवाइका क्रममा प्रस्तुत प्रमाण, बयान तथा अनुसन्धान प्रतिवेदनको अध्ययनपछि महरालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।

बाँकी तेस्रो पृष्ठमा

# कांग्रेसको भीष्म आङ्देम्बेको नेतृत्वमा "छाया सरकार" गठन



काठमाडौं, जेठ १८ –
नेपाली कांग्रेसले भीष्मराज आङ्देम्बेको नेतृत्वमा 'छाया सरकार' गठन गरेको छ।

कांग्रेस संसदीय दलको बैठकले सरकारका कामकारबाहीको निगरानी, समीक्षा तथा प्रभावकारी प्रतिपक्षी भूमिकालाई सशक्त बनाउन छाया सरकार गठन गर्ने निर्णय गरेको हो।

छाया सरकारको अवधारणा अनुसार प्रमुख विपक्षी दलले सरकारका मन्त्रालयगत कामको निगरानी गर्ने, नीतिगत कमजोरी औँल्याउने र वैकल्पिक सुझाव प्रस्तुत गर्ने भूमिका निर्वाह गर्ने गर्छ।

यसअघि पनि विपक्षमा रहँदा कांग्रेसले यस्तै अभ्यास गर्दै आएको थियो। पछिल्लो निर्णयअनुसार विभिन्न मन्त्रालयको जिम्मेवारी पार्टीका सांसद तथा नेताहरूलाई बाँडफाँड गरिएको छ।

छाया सरकार गठनसँगै कांग्रेसले संसद् र नीति निर्माण प्रक्रियामा अझ सक्रिय र संरचनात्मक रूपमा प्रतिपक्षी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

# सुस्तामा तटबन्ध निर्माणमा भारतीय एसएसबीको अवरोध



*बुटवल, जेठ १८ –*
पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा नारायणी नदी कटान रोक्न निर्माण भइरहेको तटबन्धमा भारतीय सशस्त्र सीमा बल ( एसएसबी) ले अवरोध गरेको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय भरतपुरले नारायणी नदीको कटानबाट बस्ती र जमिन जोगाउन करिब १ किलोमिटर क्षेत्रमा तटबन्ध निर्माण गरिरहेको थियो। फागुनदेखि सुरु गरिएको उक्त कामको करिब ८० प्रतिशत प्रगति भइसकेको थियो। सोही आयोजनासँग जोडिएको थप १३२ मिटर क्षेत्रमा तटबन्ध निर्माणका लागि ठेक्का सम्झौता भइसकेको थियो। तर आइतबार दिउँसो करिब २५ देखि ३० जनाको भारतीय एसएसबी टोली निर्माणस्थलमा पुगेर काम रोक्न आग्रह गरेपछि निर्माण कार्य प्रभावित भएको हो।

एसएसबीले विवादित क्षेत्रमा कुनै पनि निर्माण कार्य नगर्न सहमति भएको दाबी गरेको छ। तर स्थानीयहरूका अनुसार सो क्षेत्रमा नेपाली नागरिकको बसोबास र खेतीयोग्य जमिन रहेको छ, जसलाई नारायणी नदीको बाढीले हरेक वर्ष क्षति पुऱ्याउने गरेको छ।

स्थानीय प्रतिनिधिहरूले १३२ मिटर

बाँकी तेस्रो पृष्ठमा

# भारतमा "कक्रोच जनता पार्टी"को आन्दोलन घोषणा




दिल्ली, जेठ १८ –
भारतमा सामाजिक सञ्जालमार्फत उदाएको 'कक्रोच जनता पार्टी' ( सीजेपी) ले आन्दोलन सुरु गर्ने घोषणा गरेको छ। पार्टीले आगामी शनिबारदेखि दिल्लीमा धर्ना कार्यक्रम गर्ने तयारी गरेको जनाएको छ।

पार्टीका संस्थापक अभिजित दिपके अमेरिकाबाट भारत फर्किएलगत्तै आन्दोलनको तयारी अघि बढाइएको बताइएको छ। हाले सार्वजनिक एमबीबीएस प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर सीजेपीले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै आन्दोलनको घोषणा गरेको हो।

आन्दोलनका कारण सुरक्षा सतर्कता बढाइएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।


सामाजिक सञ्जालमा सक्रिय यो अभियानलाई परम्परागत दलभन्दा फरक, युवाहरूको असन्तोष व्यक्त गर्ने डिजिटल आन्दोलनका रूपमा हेरिएको छ।

सन् २०२६ मा सामाजिक सञ्जालबाट चर्चामा आएको यस अभियानले बेरोजगारी, भ्रष्टाचार, परीक्षा प्रणालीको कमजोरी र राजनीतिक व्यवस्थाप्रतिको असन्तुष्टिलाई मुख्य मुद्दा बनाएको छ।


यस अभियानको सुरुवात भारतका प्रधानन्यायाधीश सूर्यकान्तले युवाहरूलाई 'कक्रोच'सँग तुलना गर्दै टिप्पणी गरेपछि भएको बताइन्छ। उक्त टिप्पणीको विरोधस्वरूप अमेरिकामा रहेका अभिजित दिपकेले 'कक्रोच जनता पार्टी' स्थापना गरेको जनाइएको छ।

पार्टीले पाँच प्रमुख माग सार्वजनिक गरेको छ। तीमध्ये अवकाशप्राप्त प्रधानन्यायाधीशलाई राज्यसभामा नियुक्त नगर्ने, मतदाता सूचीमा हुने गडबडीमा कडा कारबाही गर्ने, संसद् र मन्त्रिपरिषद्मा ५० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्ने, ठूला उद्योग समूहका सञ्चारमाध्यम नियमन गर्ने तथा दल परिवर्तन गर्ने जनप्रतिनिधिलाई लामो समयसम्म चुनाव लड्न रोक लगाउने व्यवस्था रहेका छन्।


विश्लेषकहरूका अनुसार यो आन्दोलन डिजिटल युगको युवा असन्तोषको नयाँ स्वरूप हुन सक्ने देखिएको छ। साथै, सरकारलाई युवाका मागप्रति संवेदनशील बन्न सुझाव दिइएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।